Regd.No.: 162590/073/074
People's Power Limited
Kamal Pokhari, Kathmandu,
Tel: 01-4437611

प.सं ०८०/८१
च.नं. ३८

मिति: २०८१/०१/२४

नेपाल स्टक एक्सचन्ज लि.
युएनआई शान्ती मार्ग, भद्रकाली, काठमाडौं ।

विषय: जानकारी गराएको बारे ।

उपरोक्त विषयमा मिति २०८१/०१/२३ गते प.स. २०८०/०८१ च. नं. ४८५ भएको विद्युत विकास विभागबाट प्राप्त पत्रमा यस कम्पनी पिपुल्स पावर लिमिटेडलाई हकप्रद शेयरको सार्वजनिक निष्काशनको लाग स्विकृति प्रदान गरिएको जानकारी गराउदै उक्त पत्र यसै निवेदन साथ संलग्न गरी पेश गरीको जानकारीको लागि अनुरोध गर्दछु ।

कम्पनी संचालक
पिपुल्स पावर लि.

विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

प.स. : २०८०/०८१

च.नं.: ४८७

मिति:२०८१।०१।२३

श्री पिपुल्स पावर लि.

बालुवाटार-२, काठमाडौं।

विषय: हकप्रद शेयरको सार्वजनिक निष्काशनको लागि स्विकृति प्रदान गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा श्री पिपुल्स पावर लि. ले कम्पनीको हाल कायम रहेको चुक्ता पूँजीको आधारमा १:०.५ अनुपातमा (६३,२६,००० कित्ता शेयरको ५० प्रतिशत ३१,६३,००० कित्ता बराबर) हकप्रद शेयरको सार्वजनिक निष्कासनको स्वीकृतिका लागि मिति २०८१।०१।१८ मा पेश गरेको निवेदन तथा कागजात उपर जाँचबुझ गरी हकप्रद शेयरको सार्वजनिक निष्कासनको स्वीकृतिका लागि तपशिल बमोजिमका शर्तहरु पालना गर्ने गरि सहमति प्रदान गर्ने निर्णय गरियो।

शर्तहरु:

१.प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।

२.प्रचलित काननुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनु पर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ।

३.कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन पालना गर्नुपर्नेछ।

४.तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ।

५.आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।

(श्यामहरि विजुक्षे)

लेखा अधिकृत

बोधार्थ :

श्री नेपाल धितोपत्र बोर्ड।

विद्युत नियमन आयोग

सानो गौचरण, काठमाडौं, नेपाल

इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np

फोन: +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्स: +९७७-१-४४३२५८२